नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६६४ मिति :- २०७३/१०/३

श्री इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरू ।

विषय :- वाणिज्य बैंकहरुले अमेरिकी डलर आयात गर्ने र नगद अमेरिकी डलर विक्री गर्दा Cash Handling Charge लिन पाउने सम्बन्धमा ।

महाशय,

नेपालमा भ्रमण गर्ने विदेशी पर्यटकले डेविट/केडिट कार्ड जस्ता बैकिङ्ग उपकरणवाट भुक्तानी गर्ने प्रवृत्ति बढदै गएको र अर्कोतर्फ नेपाली नागरिकहरु विदेश भ्रमणमा जांदा त्यस्तो उपकरणको प्रयोगमा अभ्यस्त भइनसकेको कारणले वाणिज्य बैंकहरुमा नगद अमेरिकी डलर कम हुन गई प्रचलित व्यवस्था बमोजिम नगद अमेरिकी डलर उपलब्ध गराउन कठिनाई भएको सन्दर्भमा नगद अमेरिकी डलरको आपूर्तिमा सहजता प्रदान गर्न देहाय बमोजिम व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. नगद अमेरिकी डलरको व्यवस्थापन गर्न वाणिज्य बैंकहरु आफैले नगद अमेरिकी डलर आयात गरी विक्री गर्न सक्नेछन् ।
२. यसरी आयात गर्दा नगद अमेरिकी डलरको नयाँ नोट (Fresh Note) मात्र आयात गरी विक्री गर्नु पर्नेछ ।
३. बैंकले ग्राहकलाई नगद अमेरिकी डलर विक्री गर्दा प्रति अमेरिकी डलर अधिकतम ३० पैसा सम्म Cash Handling Charge वापत लिन सक्नेछन् ।
४. नगद अमेरिकी डलर माग गर्न आउने ग्राहकलाई सकेसम्म बैंकिङ्ग उपकरण मार्फत सटही दिन प्रोत्साहन गर्नु पर्नेछ ।

भवदीय,

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

बोधार्थः
१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५. श्री नेपाल सरकार, वाणिज्य मन्त्रालय, निर्यात प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय व्यापार शाखा ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग ।
७ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
८. श्री बैंक सुपरिवेक्षण विभाग ।
९. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
१०. श्री नेपाल बैंकर्स संघ ।